मितिः२०७६/११/२३

**माननीय हृदयेश त्रिपाठीज्यू**
**मन्त्री**
**संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,**
**सिंहदरवार, काठमाडौं ।**

**विषयः- सुझाव- पत्र ।**

प्रजातन्त्र पुनःस्थापना सँगै २०४७ सालमा दर्ता भई क्रियाशील रहेको नेपाल निजामती कर्मचारी संगठन निजामती क्षेत्रको पहिलो र ठूलो राष्ट्रिय स्तरको ट्रेड युनियन हो । जन्मकाल देखिनै पेशागत हक हित, निजामती सेवाको सम्मान, जनउत्तरदायी सार्वजनिक प्रशासन संचालनको लागि २०४७ र २०४८ सालको ऐतिहासीक ५६ दिने आन्दोलनको गौरवपूर्ण इतिहास र राष्ट्रिय शहीद मनोज जोशी, झपेन्द्र कार्की र सुरेन्द्र विश्वकर्माको योगदान समेत यस संस्थासँग जोडिएका छन् । तत्कालीन शाही सरकारद्वारा अध्यादेश मार्फत निजामती सेवा ऐन, २०४९ को संशोधन गरी ट्रेड युनियन माथि लगाईएको प्रतिबन्ध लगायतका प्रतिकुल चुनौतिहरुलाई समेत सामना गर्दै संगठन निरन्तर अगाडि बढिरहेको छ र अन्तर्राष्ट्रिय सम्बन्धलाई समेत सुदृढ गर्दै संगठनलाई विश्वसामु परिचित गराएको छ ।
२०६२/०६३ सालको जनक्रान्तिामा तत्कालीन सात राजनैतिक दलहरु सँग आन्दोलन सफल पार्न निजामती क्षेत्रका ट्रेड युनियनहरुवीच सम्झौता भई महत्वपुर्ण जिम्मेवारी पुरा गरेको विषय आज स्मरण गर्नु जरुरी छ । जसको फलस्वरुप २०६३/१/२८ गते पुनःस्थापित संसदबाट पारित संकल्प प्रस्ताव अनुसार राजपत्रांकित द्वितीय श्रेणी (उपसचिव) सम्मका कर्मचारीहरुलाई ट्रेड युनियन अधिकार प्रदान गर्ने प्रस्ताव सर्वसम्मत रुपमा पारित भएको थियो । निजामती सेवा ऐन, २०४९ को दोश्रो संशोधन २०६४ आउँदा राजपत्रांकित तृतीय श्रेणी (शाखा अधिकृत) सम्मलाई ट्रेड युनियन अधिकार प्रदान गर्ने गरी ऐनको दफा ५३ मा र निजामती सेवा नियमावली, २०५० को नियम ११७ (क) र (ख) ले व्यवस्था गरेको छ । सोही अनुसार निजामती कर्मचारीहरुले राष्ट्रिय स्तरको ट्रेड युनियन गठन गर्ने र क्रियाशिल हुन पाँउने र आवधिक निर्वाचनको माध्यमवाट निजामती क्षेत्रको आधिकारिक ट्रेड युनियनको गठन र सामुहिक सौदावाजीको अधिकार अन्तर्गत नेपाल निजामती कर्मचारी संगठन श्रम तथा व्यवसायजन्य सुरक्षा विभागमा पहिलो राष्ट्रिय स्तरको ट्रेड युनियनको रुपमा दर्ता भई क्रियाशिल रहेको छ । सोहि बमोजिम २०७३ जेष्ठ १९ मा सम्पन्न निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियनको ऐतिहासिक निर्वाचनमा ११७ स्थान मध्ये ८० स्थानमा विजय हासिल गरी नेतृत्व गरिरहेको छ ।
नागरिक र कर्मचारी विचको सम्बन्धलाई सुमधुर बनाउन, सार्वजनिक प्रशासनलाई जनउत्तरदायी बनाउँदै सुशासन कायम गर्न र सरकारले अगाडि सारेको **"समृद्ध नेपाल, सुखी नेपाली"** को नारालाई सार्थक बनाउन **"नागरिकसँग कर्मचारी संगठन"** अभियान संचालन हुँदै आएको छ। २०७६ फागुन २ र ३ मा सम्पन्न संगठनको सातौं केन्द्रीय बैठकवाट भ्रष्टाचार नियन्त्रणमा सहयोग पुऱ्याउन **"सेवा प्रवाह र सदाचारमा सवलीकरण"** कार्यक्रमलाई अभियानको रुपमा अगाडि बढाईएको व्यहोरा समेत अवगत गराउन चाहन्छौं ।
संविधानको व्यवस्था अनुरुप कर्मचारी समायोजन ऐन २०७५ बमोजिम तिनै तहमा कर्मचारी समायोजन गरियो । छोटो समयमा समायोजनको प्रक्रिया अगाडी बढाईनु सकारात्मक पक्ष हो तर समायोजनले कर्मचारीलाई उत्साहित गर्नुको सट्टा निराश बनाएको छ । सरकारबाट कर्मचारी समायोजनको कार्य सम्पन्न भएको घोषणा गरिएता पनि समायोजनले ल्याएका समस्या हालसम्म विद्यमान रहेका छन् र समायोजन संशोधनको प्रक्रिया निरन्तर चलिरहेको छ। स्वास्थ्य सेवाका अधिकांश कर्मचारीको समायोजन आज पनि अन्यौलग्रस्त छ । कर्मचारी समायोजनलाई समयमानै सम्पन्न गर्नु हामी सबैको दायित्व हो ।
हाल संघीय निजामती सेवा ऐनको विधेयक प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा छलफलको क्रममा रहेको छ । सरकारले विधेयक तयार गर्दा पेशाकर्मीहरुको सरोकारित विषयमा निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन र राष्ट्रिय स्तरका ट्रेड युनियनहरु सँग गम्भिर छलफल र परामर्श नगरेको कारणबाट विधेयकमा धेरै त्रुटि रहेका

छन् । सुशासनलाई प्रवर्द्धन गर्न तथा कर्मचारीहरुले विगतमा पाई आएको सुविधालाई व्यवस्थित गर्दै कर्मचारीहरुलाई उत्प्रेरित गर्ने प्रावधान राख्न नेपाल निजामती कर्मचारी संगठनले प्रतिनिधी सभा र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पटक पटक दिएका सुझावहरुलाई वेवास्ता गर्दै सम्बन्धित निकाय अगाडि वढेको महशुस भएको छ । ILO अभिसन्धी नं ८७ (संगठन स्वतन्त्रता र संगठित हुने अधिकारको सुरक्षाको सुनिश्चितता) र अभिसन्धी नं ९८ (संगठित हुने र सामुहिक सौदावाजी गर्ने अधिकार) मा भएको व्यवस्था र नेपालको संविधानको धारा ३४ को उपधारा ३ तथा श्रम ऐन, २०७४ को दफा १८० बमोजिम बौद्धिक श्रम गर्ने निजामती कर्मचारीहरुलाई ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने र सामुहिक सौदावाजी गर्न पाउने अधिकार प्राप्त गरेको अवस्थामा हाल पाईरहेको अधिकार तथा सुविधाहरु कटौती र संकुचन गर्ने गरी भएको संघीय निजामती सेवा ऐनको विधेयकको माथि प्रतिनिधि सभाका माननीय सदस्यहरुले दर्ता गराउनु भएको संशोधन प्रस्ताव र राज्य व्यवस्था तथा सुशासन समितिमा रहनु भएका माननीय सदस्यहरुले ब्यक्त गर्नु भएका विचारहरु प्रति हाम्रो संगठनको गम्भिर ध्यानाकर्षण भएको छ । तसर्थ अव निर्माण हुने संघीय निजामती सेवा ऐनमा हाम्रा मागहरु सम्बोधन गरेर मात्र जारी गरियोस भनी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रीज्यू समक्ष यो ज्ञापन पत्र पेश गरिएको छ । हरेक समस्याको समाधान सरोकारित पक्षहरु सँगको वार्ता र सामुहिक सौदावाजीको माध्यमवाट मात्र सम्भव छ, । यसका लागि हाम्रो संगठन सदैव तयार रहेको छ । उल्लेखित सुझावलाई वेवास्ता गरिएमा प्राप्त अधिकारको संरक्षण र थप अधिकार स्थापित गर्न निजामती कर्मचारीहरुको आधिकारिक ट्रेड युनियन मार्फत आन्दोलनका कार्यक्रम सहित अगाडि बढ्न संगठन वाध्य हुने व्यहोरा अवगत गराउन चाहन्छौं ।

**मागहरु : (संघीय निजामती सेवा ऐन/ प्रदेश निजामती सेवा ऐन/ स्थानीय सेवा ऐनसँग सम्बन्धित)**

१. निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन २०५३ र संघीय संसद सम्बन्धित विद्यमान ऐन, कानून बमोजिमका कर्मचारीहरु मध्ये समायोजन ऐन २०७५ अनुसार प्रदेश, तथा स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई निजामती कर्मचारीको परिभाषा भित्र समावेश गरी संघीय निजामती सेवा ऐन जारी गरियोस् ।

२. विद्यमान निजामती सेवा ऐन २०४९ को दफा ५३ र निजामती सेवा नियमावली २०५० को नियम ११७ (क) र (ख) मा भएको ट्रेड युनियन सम्वन्धी व्यवस्था यथावत राखी प्रदेश र स्थानीय तहमा समेत ट्रेड युनियन संचालन गर्न पाउने व्यवस्था सहितको संघीय निजामती सेवा ऐन निर्माण गरियोस् ।

३. संघ, प्रदेश र स्थानीय तहमा कार्यरत कर्मचारीहरुका लागि तहगत वा श्रेणीगत एउटै प्रणाली कायम गरि संघीय निजामती सेवा ऐन जारी गरियोस् ।

४. सार्वजनिक प्रशासनमा **"क्षतिपुर्ति सहितको नागरिक सेवा प्रवाह"**को प्रावधानलाई तत्काल कार्यान्वयन गरियोस् ।

५. कर्मचारीहरुको सरुवा प्रणालीलाई स्वचालित, चक्रिय एवं पुर्वानुमानयोग्य बनाउँदै संघ, प्रदेश र स्थानीय तहमा समायोजन भएका कर्मचारीको अन्तर सरकार सरुवा हुन पाउने व्यवस्था राखियोस् ।

६. कर्मचारीले गर्नु पर्ने कामको स्पष्ट कार्य विवरण उल्लेख गरी, मन्त्रालयका सचिव, विभागीय प्रमुख, कार्यालय प्रमुख, शाखा प्रमुख लगायतका कर्मचारीहरुसँग कार्य सम्पादन सम्झौता गरी सोहि सम्झौताका आधारमा कार्यसम्पादन मूल्यांकन गर्ने प्रावधान समावेश गरियोस् ।

७. संघीय निजामती सेवा ऐनवाट निर्देशित हुनेगरी प्रदेश निजामती सेवा ऐन र स्थानीय सेवा ऐन यथाशिघ्र निर्माण गरियोस् ।

८. विगतमा राजपत्रांकित पदहरुमा रहेको आन्तरिक प्रतियोगीताको माध्यमवाट हुने पदपूर्तिको व्यवस्था यथावत कायम गरियोस् र जेष्ठतावाट हुने वढुवा कायम गरियोस् ।

९. कर्मचारीले हाल खाईपाई आएको तलव, भत्ता, चाडपर्व, उपचार खर्च, बिमा, विदा लगायतका प्रावधान कायम राख्दै महंगीको आधारमा स्वतः तलव वृद्धि हुने प्रावधान समावेश गरियोस् ।

१०.अस्थायी, ज्यालादारी र करार सेवामा कार्यरत रहेका र तोकिएको योग्यता पुगेका कर्मचारीलाई एकपटकलाई उमेरहद नलगाई लोकसेवा आयोगको प्रक्रिया पुरा गरी स्थायी गरियोस् । सो प्रक्रियामा स्थायी हुन नसकेका कर्मचारीहरुको सेवा सुविधाको ग्यारेण्टी गरियोस् ।

११. कर्मचारीको उमेरहद एकमुष्ट २ वर्ष थप गरी ६० वर्ष कायम गरियोस् ।

१२. ३० वर्ष सेवा अवधि पुरा गरेका कर्मचारीले स्वेच्छाले अवकास लिन चाहेमा उमेरका हिसावले बाँकी अवधि थप गरी निवृत्तीभरण पाँउने व्यवस्था गरियोस् ।

१३. निजामती अस्पताल, कर्मचारी संचयकोष, योगदानमा आधारित निवृत्तभरण कोष, नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोष लगायतका संस्थाहरुमा आधिकारिक ट्रेड युनियनवाट प्रतिनिधित्व गराउने व्यवस्था ऐनमा नै सुनिश्चित गरियोस् ।

१४. रा.प.अनं.द्धितिय श्रेणीमा आन्तरिक प्रतिस्पर्धा गराई पदपूर्ति गरिने १५ प्रतिशतवाट वृद्धि गरी २० प्रतिशत पुऱ्याउन र रिक्त हुने २० प्रतिशत दरवन्दीमा आठौं कक्षा पास गरेका हाल कार्यरत रहेका सम्भाव्य योग्य उम्मेदवार मध्येवाट जेष्ठताको आधारमा वढुवाको व्यवस्था गरियोस् ।

१५. निजामती सेवामा सेवा अवधि टुटेका कर्मचारीहरुको लागि एकपटकको लागी सेवा अवधि जोड्ने र निजामती सेवामा कार्यरत कर्मचारीहरु स्थानिय तहका लागि लोकसेवाले गरेको विज्ञापनमा सिफारिश भएकाहरुका लागि वृतिविकासको सुनिश्चितता सँगै सेवा अवधि निरन्तर रहने र निवृतीभरण पाउने व्यवस्था सुनिश्चित गरियोस् ।

१६. सम्पूर्ण प्राविधिक कर्मचारीहरुका लागि प्राविधिक ग्रेडको व्यवस्था गरियोस् ।

१७. रा.प.अनं.प्रथम श्रेणी कम्प्युटर अपरेटर पदको विज्ञापन रोकिएको हुँदा रा.प.अनं. द्धितिय श्रेणीका सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कर्मचारीहरुको वृत्तिविकासको सुनिश्चितता गरियोस् ।

१८. निजामती सेवामा प्रवेश गर्ने कर्मचारीहरुका लागि अनिवार्य सेवा प्रवेश तालिमको व्यवस्था गरियोस् ।

१९. राजपत्र अनं.द्धितिय श्रेणी (खरिदार) पदवाट रा.प.अनं प्रथम श्रेणी (नायव सुब्बा) पदमा वढुवा हुनका लागि खरिदार पदमा कायम हुने लोकसेवा आयोगको कार्यक्षेत्र भित्र वढुवा हुने व्यवस्था गरियोस् ।

**समसामयीक मागहरु:**

१. समायोजनको पत्र प्राप्त गर्दाको सेवा अवधिका आधारमा तहगत मिलान गरी पत्र दिने व्यवस्था गरियोस् र समायोजनका क्रममा स्थानीय तहमा समायोजन भएका तर स्थानीय तहले हाजिर नगराई फिर्ता गराएका कर्मचारीहरुलाई समायोजन भएकै स्थानीय तहमा र स्थानीय तहको माग अनुसार लोक सेवा आयोगवाट सिफारिस भई आएका कर्मचारीलाई सिफारिस भएकै स्थानीय तहमा हाजिर गराई कामकाजमा लगाउने व्यवस्था लाई कडाईका साथ कार्यान्वयन गरियोस् ।

२. स्वास्थ्य सेवाका कर्मचारीहरुको समायोजन गर्दा समायोजन ऐन २०७५ को प्रावधानहरुको प्रतिकुल नहुने गरी तत्काल सम्बोधन गरियोस् ।

३. कामका आधारमा सबै कार्यालयमा प्रोत्साहन भत्ता र जोखिम भत्ताको व्यवस्था गरियोस् ।

४. नेपाल निजामती कर्मचारी संगठनले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा यस अघि पेश गरेका तीन महले सुझावहरु समेत समावेश गरी संघीय निजामती सेवा ऐन जारी गरियोस् ।

५. कार्यस्थलमा खटिएका कर्मचारीहरुको सुरक्षाको प्रत्याभुती गरियोस् ।

६. साविक स्थानिय निकायमा नियुक्ति पाई अवकास हुँदाका बखत नियमानुसार पाउने विभिन्न सुविधाहरु भुक्तानीको लागि वनाइएको संचितकोषको रकम अन्य शिर्षकमा खर्च गरिएकोले पुनः उक्त कोषहरुको व्यवस्थापन गरी सेवा सुविधा उपलब्ध गराईयोस् ।

७. साविकमा दिईएको सन्तती छात्रवृतिलाई निरन्तरता दिईयोस् ।

रेवन्त गौतम
महासचिव

केदार प्रसाद देवकोटा
अध्यक्ष